# लुते दिन

मेरा दिनहरूको ढाँड़मा छ
देश।

●

मैले नै कुल्चेका टापहरूले लेखेको छ
एउटा रामराज्यलाई।

रामराज्य नै त हो यो अन्धकार
देशको प्रधानमन्त्रीले भनेपछि।

संसदको जाँतोबाट निस्किएको
एकमुट्ठी अन्धकार निल्ने थुकसमेत छैन मसित

सिञ्चाइ विभागमा दर्खास्त चढ़ाएको
दर्जन प्रमाणहरू छन् मसित।

अब त पट्ट फुटेको छ जिब्रो
एक टुक्रा शब्द उम्रँदैन अब।

●

यतिबेला नै
मैले कुण्ठामात्र लेखेको आरोप छ
अन्धकार नै ओढ़ेर बाँचेका
वरिष्ठ (?) समालोचकबाट।

●●